# कर्णाली प्रदेश आपतकालीन गोदामघर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

प्रस्तावनाः प्राकृतिक वा गैर प्राकृतिक विपद्को समयमा प्रभावित क्षेत्रमा राहत पुर्‍याउने समयलाई न्यूनतम बनाउन, आपूर्ति श्रृङ्खलामा देखिने अवरोधलाई व्यवस्थापन गर्न, प्रकोपपछि तत्काल राहत सामग्रीको सहज, व्यवस्थित र द्रूत वितरण सुनिश्चत गर्न र जीवनरक्षाको लागि अत्यावश्यक सामग्रीको अभाव हुन नदिनको लागि भण्डारणको कार्यलाई प्रभावकारी बनाउने गोदामघरलाई व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश विपद् व्यवस्थापन परिषद्ले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश आपतकालीन गोदामघर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गोदामघर" भन्नाले खोज, उद्धार तथा राहत सामग्रीको प्राप्ति, भण्डारण तथा ढुवानी गर्नका लागि प्रदेश सरकारले व्यवस्थापन गरेको स्थान वा भवन सम्झनुपर्छ।

(ख) "गोदाम प्रमुख" भन्नाले यस कार्यविधि बमोजिमको गोदामघरको व्यवस्थापन कार्यको जिम्मा लिन तोकिएको व्यक्ति सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले कार्यविधिको नियम ८ बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

(च) "बन्दोबस्ती" भन्नाले विपद् प्रतिकार्यका लागि आवश्यक जनशक्ति, उपकरण, उद्धार र राहत सामग्री तत्काल परिचालन गर्न सकिने गरी अग्रिम तयारी अवस्थामा राखी व्यवस्थापन गर्ने कार्य सम्झनु पर्छ।

(छ) "मानवीय सहायता स्थल" भन्नाले विपद्, द्वन्द्व, महामारी वा अन्य आपतकालीन परिस्थितिमा प्रभावित व्यक्तिलाई तत्काल आवश्यक पर्ने जीवनरक्षात्मक सेवा तथा सामग्री (जस्तैः खाद्य, पानी, ओढ्ने/ओछ्याउने, औषधी उपचार, अस्थायी बास आदि) उपलब्ध गराउन स्थापना गरिएको अस्थायी वा स्थायी स्थल सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले मन्त्रालयको शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सूचना प्रविधि क्षेत्र हेर्ने सचिव सम्झनु पर्छ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

(झ) "सामाजिक सङ्घ संस्था" भन्नाले प्रदेशमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ र सो शब्दले अन्तर्राष्ट्रिय विकास साझेदारलाई समेत जनाउँछ।

३. गोदामघरको स्थापना तथा सञ्चालन: (१) मन्त्रालयले प्रदेश राजधानी र प्रदेशभित्रका अन्य उपयुक्त स्थानमा गोदामघरको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) गोदामघरको सञ्चालन प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रको समन्वयमा गरिनेछ।

(३) विपद् प्रतिकार्यको समयमा गोदामघर चौबिसै घण्टा सञ्चालनमा रहनेछ।

४. गोदामघरबाट सञ्चालन गरिने कार्यहरु: (१) गोदामघरबाट देहायका कार्य गरिनेछः-

(क) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आपतकालीन बन्दोबस्तीको पूर्वतयारी गर्ने,

(ख) मानवीय सहायताका लागि आवश्यक सामग्रीको प्राप्ति, भण्डारण र अभिलेख व्यवस्थापन गर्ने,

(ग) माग भई स्वीकृत भएका उद्धार तथा राहत सामग्रीलाई विपद् प्रभावित स्थानमा परिचालनको व्यवस्था मिलाउने,

(घ) म्याद गुजेका, गुणस्तरहीन र टुटफुट वा अन्य कारणले उपयोग विहीन अवस्थाका उद्धार एवम् राहत सामग्रीको सुरक्षित विसर्जन गर्ने,

(ङ) गोदामघरमा रहेका मेशिन, उपकरण, इन्धन र सामग्रीको भण्डारण, सञ्चालन, मर्मत सम्भार र सुरक्षा गर्ने,

(च) उद्धार तथा राहत सामग्री वितरणका लागि सबै सरोकारवालाबीच आपसी समन्वय र सूचना सम्प्रेषण गर्ने,

(छ) मन्त्रालयबाट निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने।

(२) विपद्को क्षेत्रमा काम गर्ने सामाजिक सङ्घ संस्थाले मेशिन, उपकरण, औजार, साधन, प्रविधि, वा बन्दोबस्तीका सामग्री भण्डारण गर्न चाहेमा गोदाम प्रमुख समक्ष निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध प्राप्त भएमा गोदाम प्रमुखले प्रचलित जिल्ला दररेट बमोजिमको भाडा लिने गरी भण्डारण अनुमति दिन सक्नेछ।

५. गोदामघरको जनशक्तिको परिचालन: (१) मन्त्रालयको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा प्रमुखले गोदाम प्रमुखको रुपमा काम गर्नेछ।

(२) गोदामघरको लागि आवश्यक अन्य जनशक्ति मन्त्रालयले व्यवस्था गर्नेछ।

(३) गोदामघरको सुरक्षा तथा अन्य व्यवस्थापनको लागि कर्णाली प्रदेश प्रहरी वा सशस्त्र प्रहरी बल नेपालको सहयोग लिन सकिनेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

(४) मन्त्रालयले विपद् प्रतिकार्यको समयमा अन्य निकायबाट कर्मचारी काजमा लिई गोदामघरमा थप जनशक्ति प्रबन्ध र परिचालन गर्न सक्नेछ।

६. बीमा सम्बन्धी व्यवस्था: गोदामघर तथा गोदामघर भित्र रहेका मानवीय सहायता सम्बन्धी खोज, उद्धार र राहत सामग्री तथा उपकरणहरूको बीमा मन्त्रालयले र सामाजिक सङ्घ संस्थाले भण्डारण गरेका सामग्रीको बीमा सम्बन्धित सामाजिक सङ्घ संस्थाले गर्नु पर्नेछ।

७. गोदामघरमा खटिने जनशक्तिको आचारसंहिता सम्बन्धी व्यवस्था: (१) गोदामघरमा खटिने कर्मचारी, कामदार र स्वयम् सेवकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ:-

(क) सुरक्षात्मक उपाय सम्बन्धी नियम र मापदण्ड,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयम् सेवक परिचालन सम्बन्धी आचारसंहिता,

(ग) मन्त्रालय र सामाजिक सङ्घ संस्थाले गोदामघरमा भण्डारण गरेका बन्दोवस्तीका सामग्रीको अवस्थाको जानकारी गोदाम प्रमुखलाई दिई सुरक्षामा अग्रसर हुने,

(घ) खोज, उद्धार तथा राहत सामग्री एवम् तत् सम्बन्धित वन्दोवस्ती सेवालाई अन्य प्रयोजनमा नलगाउने, लगाउन नदिने,

(ङ) सहायता सामग्रीको प्राप्ति, भण्डारण, सुरक्षा, गोदामघरबाट निकासी, ढुवानी, हस्तान्तरण र विद्युतीय अभिलेख व्यवस्थापनमा उच्च नैतिक निष्ठा र उत्तरदायित्व वहन गर्ने।

८. प्रदेश आपतकालीन गोदामघर व्यवस्थापन समिति: (१) गोदामघरमा रहेका खोज उद्धार र राहत सामग्रीको निकासी, पुनर्भरण र व्यवस्थापन गर्न देहाय बमोजिमको एक प्रदेश आपतकालीन गोदामघर व्यवस्थापन समिति रहनेछ:-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ग) सहायक प्रमुख जिल्ला अधिकारी, गोदामघर रहेको जिल्ला | -सदस्य |
| (घ) अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश | -सदस्य |
| (ङ) विपद् शाखा प्रमुख, गोदामघर रहेको सम्बन्धित स्थानीय तह | –सदस्य |
| (च) महाशाखा प्रमुख, विपद् व्यवस्थापन महाशाखा, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा अध्यक्षले आवश्यकता अनुसार प्रदेश सरकारका निकायका प्रतिनिधि र अन्य निकाय तथा सामाजिक सङ्घ संस्थाका प्रतिनिधि आमन्त्रण गर्नसक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

(४) वैठक सञ्चालन सम्वन्धी कार्यविधि समितिले निर्धारण गर्नेछ।

९. <u>प्रदेश आपतकालीन गोदामघर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> गोदामघर व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहाय वमोजिम हुनेछ:-

(क) गोदामघरको सञ्चालनको लागि आवश्यक निर्देशन दिने,

(ख) गोदामघरको सुधार गर्नुपर्ने विषयमा सम्वन्धित निकाय समक्ष लेखी पठाउने,

(ग) गोदामघरको सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापनको लागि पहल गर्ने।

१०. <u>सामान्य अवस्थामा गोदामघरको सञ्चालन:</u> सामान्य अवस्थामा गोदामघरको सञ्चालन देहायवमोजिम हुने गरी गोदाम प्रमुखले आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(क) गोदामघरमा रहेका मेशिन, उपकरण, औजार, साधन, प्रविधि तथा सामग्री तत्काल उपयोग हुनसक्ने गरी सामानको प्रकृति र गुणस्तर अनुसार सुरक्षित भण्डारण गरी राख्ने।

(ख)मालसामानको विवरण विपद् पोर्टलको गोदाम इन्भेन्टरी प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने।

(ग) मेशिन तथा उपकरण (जेनेरेटर, फोर्कलिफ्ट, एअरकण्डिसन आदि) र अन्य सामानहरू (जस्तैः विजुलीवाट चल्ने सरसामान, विद्युतीय ग्याजेट, खानेपानी प्रणाली, इन्धन भण्डारण आदि) को समयतालिका वनाई तिनको प्रकृति र अवस्था अनुसार नियमित जाँच, मर्मत सम्भार र नवीकरण गर्ने।

(घ) गोदामघर परिसरमा रहेका चल अचल सम्पत्तिको नियमित रूपमा सरसफाई गर्ने।

(ङ) मेशिन तथा उपकरणको मर्मत सम्भार र सरसफाईको साथै परि आएको वखत तत्काल सेवा लिन वा दिन सक्ने अनुवन्ध करार (स्टयाण्डवाई एग्रीमेण्ट) गरी निरन्तर सेवा प्रवाहको प्रवन्ध गर्ने।

(च) सुरक्षा निकायसँग समन्वय र सहकार्य गरी गोदामघर परिसरको सुरक्षा व्यवस्था गर्ने।

(छ)गोदामघरमा रहेका मानवीय सहायता सामग्रीको आवश्यकता अनुसार विमा गर्ने।

(ज) सामग्री प्राप्त गरेको भर्पाई र चलानी गरेको रसिद वमोजिमको सामानको विवरण दाखिला पुस्तिका वा तोकिएको फारम वा ढाँचामा अभिलेख राख्ने।

(झ)सामग्री स्टोर दाखिला भएको मिति, विशिष्ट गुण, सङ्ख्या वा परिमाण र सामग्रीको म्याद समाप्तिको विवरण सहित कम्प्यूटर प्रणाली (विपद् पोर्टलको गोदाम इन्भेन्टरी) मा अद्यावधिक गर्ने।

(ञ) मन्त्रालयका विपद् सामग्रीको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा राख्ने।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

(ट) म्याद गुज्रिएका एवम् टुटफुट भई प्रयोग गर्न अनुपयुक्त भएका मानवीय सहायताका सामग्री नियमानुसार विसर्जनको व्यवस्था मिलाउने।

११. विपद् प्रतिकार्यको समयमा गोदामघर सञ्चालन: विपद् प्रतिकार्यको समयमा गोदाम प्रमुखले देहाय वमोजिमका कामकारवाही गर्नु गराउनु पर्नेछ।

(क) विपद् प्रतिकार्यका लागि मोबाइल स्टोरेज युनिट स्थापना गर्ने।

(ख) गोदामघरको हाताभित्र मानवीय क्षेत्रमा क्रियाशील सामाजिक सङ्घ संस्थाको लागि स्थान छुट्याउने।

(ग) जनशक्तिको व्यवस्थापन र परिचालन गरी बन्दोबस्ती सेवा सुचारू गर्ने।

(घ) गोदामघर सञ्चालन गर्न आवश्यक थप सहायताको योजना तयार गरी प्रदेश आपतकालीन गोदामघर व्यवस्थापन समिति समक्ष पेस गर्ने।

(ङ) उद्धार तथा राहत सामग्री प्राप्त गर्दा विपद् पोर्टलमा रहेको गोदाम इन्भेन्टरीमा अभिलेख राख्ने।

(च) गोदामघरमा खरिद गरिएका वा प्राप्त सामग्री मोवाइल स्टोरेज युनिट वा खाली कन्टेनरमा भण्डारण गर्ने।

(छ) गोदामघरमा पर्याप्त स्थान नभएमा अस्थायी रूपमा नेपाल सरकार वा अन्य निकायले सञ्चालनमा ल्याएका गोदामघर प्रयोग गर्न आवश्यक समन्वय गर्ने।

(ज) मानवीय सहायता सामग्री विपद् प्रभावितहरूले जति सक्दो छिटो प्राप्त गर्ने गरी वितरण स्थलमा पठाउने।

(झ) मानवीय सहायता सामग्री गोदामघरबाट निकासा गर्दा First in first out (FIFO) सिद्धान्तको आधारमा गर्ने।

(ञ) सामग्री पठाउँदा चलानीको विवरण राखी एक प्रति सवारी चालकको साथमा र एक प्रति प्रापकलाई उपलब्ध गराउने।

(ट) गोदामघरबाट सेवा सञ्चालन स्थगन भएपछि आवश्यकता अनुसार बन्दोबस्तीका संरचना (जस्तैः मोबाइल स्टोरेज युनिट) तयारी (सेटअप) अवस्थामा राख्ने।

(ठ) सञ्चालनमा आएका सामग्री कन्टेनरमा राख्नुभन्दा पहिले मेशिन, उपकरण र औजारहरूको उचित सर्भिसेज तथा मर्मत सम्भार गर्ने।

१२. सामाजिक सङ्घ संस्थाको भूमिका: गोदामघरको सञ्चालन प्रक्रियामा सामाजिक सङ्घ संस्थाको भूमिका देहाय बमोजिम हुनेछः

(क) मानवीय सहायताका लागि उपलब्ध भएका खोज, उद्धार र राहतका सामग्री मन्त्रालयको समन्वयमा गोदामघर सम्म ल्याउने र राख्ने व्यवस्था गर्ने।

(ख) मन्त्रालयको समन्वयमा कार्गो र राहत सामग्री व्यवस्थापनमा कर्मचारी र स्वयम्सेवक परिचालन गर्ने।

(ग) विपद् प्रतिकार्यको समयमा आवश्यकता अनुसार कार्गो व्यवस्थापन तथा बन्दोबस्तीका सेवा प्रभावकारी वनाउन सहयोग गर्ने।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner